नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

(आन्तरिक व्यवस्थापन शाखा)

☎ ४२००३१४, ४२००२९९, ४२००५०५, ४२००२९१, ४२००२८६


पत्र संख्या :-०७५/७६

चलानी नः ३५६

मितिः २०७५।५।२१

विषय :- <u>संविधान दिवसको कार्यक्रम सम्बन्धमा ।</u>

श्री निजामति कितावखाना, हरिहरभवन, ललितपुर ।
श्री स्थानीय पूर्वाधार विभाग, पुल्चोक , ललितपुर ।
श्री केन्द्रीय पञ्जीकरण विभाग, बबरमहल, काठमाडौ ।
श्री निजामति कर्मचारी अस्पताल, मिनभवन, काठमाडौ ।
श्री सवै जिल्ला समन्वय समितिको कार्यालय, (काठमाडौ, ललितपुर, भक्तपुर) ।
श्री सवै स्थानीय तह काठमाडौ (उपत्यका भित्र) ।
श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल ।
श्री स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेल ।
श्री स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP), सिंहदरवार ।
श्री सिमा क्षेत्र विकास कार्यक्रम (तराई मधेश समृद्धी कार्यक्रम), नयाँ बानेश्वर, काठमाडौ ।

प्रस्तुत विषयमा २०७५ साल भाद्र १७ गते सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा बसेको बैठकबाट यहि २०७५ असोज २, ३ र ४ गते संविधान दिवसलाई राष्ट्रिय दिवसको रुपमा भव्यताका साथ मनाउन सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा संविधान दिवस मूल समारोह समिति गठन भई मूल समारोह समितिको कार्यक्रम समेत पारित भएको छ । उक्त कार्यक्रमहरु जन स्तर सम्म प्रभावकारी तवरले हर्षोल्लासपूर्वक राष्ट्रिय दिवसको रुपमा मनाउने गरी कार्यान्वयन गर्ने गराउने व्यवस्था एवं २०७५ असोज ३ गते त्यस मन्त्रालय र अन्तर्गत काठमाडौ उपत्याका भित्र रहेका सवै कर्मचारीहरुलाई विहान ७:३० बजे सैनिक मञ्च टुडिखेलमा उपस्थित गराईदिनुहुन निर्णयानुसार अनुरोध छ भनी गृह मन्त्रालयको च.नं. १४७ मिति ०७५।५।१७ को पत्रबाट लेखि आएको हुँदा सो अनुसार गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ । साथै उक्त कार्यक्रमको छाँया प्रति यसै साथ संलग्न छ ।

(रविन्द्र जंग थापा)
शाखा अधिकृत

<u>बोधार्थ</u>:-
श्री गृह मन्त्रालय,
सिंहदरवार, काठमाडौ ।

# संविधान दिवस
# मूल समारोह समितिको कार्यक्रम
# ३ असोज, २०७५
## संविधान दिवसको कार्यक्रम देहायअनुसार हुनेछ

**क. असोज २ गतेको कार्यक्रम :**

१. उपत्यकाभित्रका सबै सरकारी कार्यालय, महानगरपालिका र नगरपालिकाहरूले आ-आफ्नो क्षेत्रका विभिन्न स्थानमा राष्ट्रिय झण्डा एवं ब्यानर सजाई नगरको श्रृङ्गार र सरसफाइ गर्ने । मुलुकभरका सरकारी कार्यालयले आ-आफ्नो कार्यालय परिसरमा तथा आम नागरिकले घरघरमा सरसफाई र दिपावली गर्ने ।

२. संविधान दिवसलाई राष्ट्रिय दिवसको रूपमा भव्यताका साथ मनाउन सञ्चार तथा सूचना, प्रविधि मन्त्रालयले देहाय बमोजिमको कार्यहरुको समन्वय गर्ने :

(क) नेपालको संविधानका विषयमा केन्द्रित रही विशेष परिसम्वाद, सम्वाद लगायत जनचेतनामूलक कार्यक्रमहरुको प्रशारण/प्रकाशन गर्ने व्यवस्था मिलाउने ।

(ख) राष्ट्रियस्तरका पत्रपत्रिकाहरूमा संविधान विशेषाङ्क/स्मारिकाको रूपमा प्रकाशन गर्नुका साथै संविधानको बहुपक्षीय आयामलाई उजागर गर्ने विभिन्न लेख रचनाहरूको सँगालो प्रकाशन गर्ने ।

(ग) नेपाल टेलिभिजन, रेडियो नेपाल एवं निजी क्षेत्रका अन्य सञ्चार माध्यमहरूबाट संविधानको महत्वको बारेमा कार्यक्रम प्रशारण/प्रकाशन गराउने ।

३. राष्ट्रिय खेलकुद परिषद्बाट म्याराथुन दौड तथा क्रिकेट खेलको आयोजना गर्ने ।

४. साँझ दीपावली गर्ने ।

**ख. असोज ३ गतेको कार्यक्रम :**

१. सूर्योदयका साथ नेपाली सेनाद्वारा बिगुल (रिभ्याली) बजाउने ।

२. नेपाली सेनाद्वारा तोप र बन्दुकको बढाईं (स्याल्भो र भली फायर) गर्ने ।

३. राष्ट्र, राष्ट्रियता, स्वतन्त्रता र संविधानका लागि आफ्नो जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहीदहरूको आत्माको चिरशान्तिका लागि राष्ट्रका तर्फबाट उच्च सम्मान र श्रद्धाञ्जली प्रकट गर्दै विभिन्न धार्मिक संघ संस्थाहरूबाट विभिन्न मठ मन्दिर, चर्च, मस्जिद, बुद्ध विहार, गुरुद्वारा लगायतका स्थानहरुमा पूजापाठ तथा प्रार्थनाको कार्यक्रम सञ्चालन गर्ने ।

४. नेपाल टेलिभिजनबाट संविधानका विविध पक्ष समेटिएको डकुमेन्ट्री प्रसारण गर्ने ।

५. नेपाल टेलिभिजन, रेडियो नेपाल र निजी क्षेत्रका सञ्चार माध्यमहरूबाट संविधान दिवससम्बन्धी समाचार बुलेटिन, अन्तरक्रियात्मक परिसम्वाद तथा समाचारमूलक सामग्री प्रसारण गर्ने ।

## सैनिक मञ्चमा हुने उपस्थितिको कार्यक्रम

संविधान दिवस मूल समारोह समितिका अध्यक्ष तथा सदस्यहरू, संवैधानिक निकायका पदाधिकारीहरू, राजनीतिक दलका नेता तथा कार्यकर्ताहरू, नेपाल सरकारका निजामती, प्रहरी, जंगी तथा संस्थानका कर्मचारी, प्राध्यापक, शिक्षक, विद्यार्थी, खेलाडी, युवक, मजदुर, किसान, महिला, सामाजिक संघ संस्थासँग आबद्ध पदाधिकारीहरू एवं नागरिक समाज र उद्योग व्यवसायीका साथै समाजमा क्रियाशील सबै सामाजिक संघ संस्थाका सदस्यहरु र सबै सर्वसाधारण महानुभावहरू बिहान ७.३० बजे सैनिक मञ्च टुँडिखेलमा जम्मा हुने ।

## अतिथिज्यूहरुको आगमन यस प्रकार हुने

(क) राष्ट्रियसभाका सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाज्यूको आगमन ।

(ख) प्रतिनिधिसभाका सम्माननीय सभामुख कृष्णबहादुर महराज्यूको आगमन ।

(ग) सम्माननीय का.मु.प्रधानन्यायाधीश ओमप्रकाश मिश्रज्यूको आगमन ।

(घ) संविधान दिवस मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूको आगमन ।

(ङ) विशिष्ट अतिथि सम्माननीय उपराष्ट्रपति नन्दबहादुर पुनज्यूको आगमन ।

## सैनिक मञ्चको मूल कार्यक्रम

(क) प्रमुख अतिथि सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूको आगमन र सलामी ।

(ख) राष्ट्रिय गान ।

(ग) नेपाली सेनाको हेलिकप्टरहरुबाट 'संविधान दिवस-२०७५' अंकित ब्यानर प्रदर्शन, पुष्पवृष्टि गर्ने ।

(घ) रङ्गीचङ्गी वेलुनको भुण्डहरुको बिचमा 'संविधान दिवस-२०७५' अंकित ब्यानर सहित बेलुनहरु उडाउने ।

(ङ) ज्ञात अज्ञात शहीदहरू प्रति उच्च सम्मान र श्रद्धाञ्जली अर्पण गर्दै आत्माको चिरशान्तिका लागि १ मिनेट मौन धारण गर्ने ।

(च) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाल स्काउट र विद्यार्थीहरूद्वारा मार्चपास गर्ने ।

(छ) विभिन्न धार्मिक/सामाजिक संघ संस्थाहरुबाट विभिन्न जातजातिको भेष-भूषा र संस्कृति झल्कने सांस्कृतिक झलक प्रदर्शन गर्ने ।

(ज) काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका तथा उपत्यकाका अन्य स्थानीय तहहरुबाट झाँकी प्रदर्शन गर्ने ।

(झ) सम्बन्धित मन्त्रालय/विभागहरूबाट महत्वपूर्ण विकास गतिविधि झल्कने झाँकी प्रदर्शन गर्ने ।

(ञ) राष्ट्रिय भावनाका गीतहरु प्रत्यक्ष प्रस्तुति गर्ने ।

(ट) नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालद्वारा रोचक कार्यक्रम प्रस्तुति गर्ने ।

(ठ) संविधान दिवस मूल समारोह समितिका अध्यक्षज्यूबाट सम्बोधन र समारोह विसर्जन ।

- *(रेडियो नेपाल तथा नेपाल टेलिभिजनबाट कार्यक्रमको प्रत्यक्ष प्रसारण) ।*

(ड) साँझ दीपावली गर्ने ।

ग. **असोज ४ गतेको कार्यक्रमः**

१ सबै जिल्लाहरुमा वृक्षारोपण कार्यक्रम (फलफूलका विरुवा रोप्ने)

२ रेडियो नेपालबाट संविधान दिवस, २०७५ को अवसरमा जागरण गीत सम्मेलन सञ्चालन गर्ने ।

३ स्वास्थ्य मन्त्रालय र नेपाल रेडक्रसको समन्वयमा मुलुक भरी खुल्ला रक्तदान कार्यक्रम गर्ने ।

४ साँझ दीपावली गर्ने ।

घ. **विदेशस्थित नेपाली दूतावास, नियोग तथा वाणिज्यदूतावासमा मनाइने कार्यक्रम :**

विदेशस्थित नेपाली दूतावास, नियोग तथा वाणिज्यदूतावासहरूमा राष्ट्रिय दिवसको रुपमा विविध कार्यक्रमसहित असोज २, ३ र ४ गते संविधान दिवस भव्य रूपमा मनाउने र साँझ दीपावली गर्ने ।

ङ. **उपत्यका बाहिरका प्रदेशका राजधानी (केन्द्र), जिल्ला र स्थानीय तहहरूमा मनाइने कार्यक्रम :**

प्रदेशका राजधानी (केन्द्र) हरुमा प्रदेश सरकारको मुख्यमन्त्रीको अध्यक्षतामा संविधान दिवस प्रदेशस्तरीय समारोह समिति र काठमाण्डौं उपत्यका बाहिरका जिल्लाहरुमा जिल्ला समन्वय समितिका प्रमुखको अध्यक्षतामा जिल्ला सदरमुकामहरूका सबै सरकारी कार्यालयहरु एवं स्थानीय तह समेत सम्मिलित संविधान दिवस जिल्ला समारोह समिति गठन गरी सरसफाई, प्रभातफेरी, खेलकुद, प्रवचन गोष्ठी, साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रमका साथ असोज २, ३ र ४ गते संविधान दिवस भव्य रूपमा मनाउने र साँझ दीपावली गर्ने ।

त्यसैगरी जिल्ला सदरमुकाम बाहेकका स्थानीय तहहरुमा सम्वन्धित स्थानीय तहका प्रमुख अध्यक्षको अध्यक्षतामा स्थानीय तहस्तरीय समारोह समिति गठन गरी स्थानीय सामाजिक एवं राजनीतिक संघ-संस्थाहरुका साथै समाजका सबै वर्ग, व्यवसाय र क्षेत्रका महानुभावहरूबाट स्थानीय तहका वडा स्तरसम्म प्रभातफेरी खेलकुद, परिसम्वाद, प्रवचन गोष्ठी, साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम, विभिन्न झाँकी प्रदर्शनी र सरसफाइ जस्ता विविध कार्यक्रम सहित असोज २, ३ र ४ गते संविधान दिवस भव्य रूपमा मनाउने र साँझ दीपावली गर्ने ।

मुलुकभरका विद्यालयहरुले संविधान दिवसको उपलक्ष्यमा नेपालको संविधानको विषयमा केन्द्रित रही जिल्लास्तरीय हाजिरीजवाफ/निबन्ध/वक्तृत्वकला/कविता लगायतका उपयुक्त खालका कार्यक्रमहरुको आयोजना गर्ने ।

(च) **प्रस्तावित थप कार्यक्रमहरु**

१. नेपाल टेलिकमले असोज ३ गते SMS बाट संविधान दिवस २०७५ को शुभकामना दिन र सर्वसाधारणलाई बिहान ७.३० टुँडिखेलमा आमन्त्रण गर्न एवं संविधान दिवसका अवसरमा २०७५ असोज १ गतेदेखि एक हप्ताका लागि दूरसञ्चारका शुल्कहरुमा विशेष छुट दिन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले समन्वय गर्ने गरी लेखी पठाउने ।

२. 'समृद्ध नेपाल र सुखी नेपाली'को थीममा Documentory तयार गरी नेपाल टेलिभिजनबाट र संविधान सम्बन्धी Gingle तयार गरी रेडियो एवं टेलिभिजनहरुबाट प्रसारण गर्न सञ्चार तथा सूचना, प्रविधि मन्त्रालयले समन्वय गर्ने गरी लेखी पठाउने ।

३. असोज २, ३ र ४ गते सार्वजनिक यातायातहरुमा संविधान दिवसको तुल राख्न लगाउन भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयले समन्वय गर्ने गरी लेखी पठाउने ।

४. असोज ३ गते सैनिक मञ्च, टुँडिखेलमा हुने औपचारिक कार्यक्रममा कर्मचारीहरुलाई अनिवार्य रुपमा उपस्थित गराउन गृह मन्त्रालयले सबै मन्त्रालय/आयोग/सरकारी निकायहरुलाई पत्राचार गर्ने ।

५. असोज ३ गतेको कार्यक्रममा प्रतिनिधिसभा तथा राष्ट्रियसभाका सदस्य र काठमाडौं उपत्यकाका जनप्रतिनिधिहरुलाई आमन्त्रण गृह मन्त्रालयले गर्ने तथा सोको लागि मञ्चमा थप कुर्सी (सिट) को व्यवस्थापन काठमाडौं महानगरपालिकाले गर्ने गरी लेखी पठाउने ।

६. पुष्पवृष्टि गर्ने हेलिकोप्टरको संख्या वृद्धि गर्ने सम्वन्धमा नेपाली सेनासँग गृह मन्त्रालयले समन्वय गर्ने गरी लेखी पठाउने ।

७. नेपालको संविधान तथा 'समृद्ध नेपाल र सुखी नेपाली' विषयहरुमा केन्द्रित रही असोज ३ गते नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रतियोगितात्मक साहित्यिक कार्यक्रमहरु सञ्चालन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले समन्वय गर्ने गरी लेखी पठाउने ।

८. नेपालको संविधानको पुस्तक अंकित शिलालेख तयार गरी काठमाण्डौंको नयाँ वानेश्वर स्थित संघीय संसद भवन र नारायणहिटी परिसरमा रहने गणतन्त्र स्तम्भ अगाडी राख्ने व्यवस्था मिलाउने कार्यको थालनी गर्न सम्बन्धित मन्त्रालयहरुसँग गृह मन्त्रालयले समन्वय गर्ने ।

९. राष्ट्रिय एवं स्थानीयस्तरका विद्युतीय तथा छापा सञ्चार माध्यमहरुबाट संविधान दिवस मनाउने अपिल गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले समन्वय गर्ने गरी लेखी पठाउने ।

## संविधान दिवस मूल समारोह समिति, २०७५ का पदाधिकारीहरु

| | | |
|---|---|---|
| १ | सम्माननीय प्रधानमन्त्री के.पी.शर्मा ओली | अध्यक्ष |
| २ | सम्माननीय का.मु. प्रधान न्यायाधीश, ओमप्रकाश मिश्र | सदस्य |
| ३ | सम्माननीय सभामुख, प्रतिनिधिसभा, कृष्णबहादुर महरा | सदस्य |
| ४ | सम्माननीय अध्यक्ष, राष्ट्रियसभा, गणेशप्रसाद तिमिल्सिना | सदस्य |
| ५ | पूर्व राष्ट्रपति, | सदस्य |
| ६ | माननीय उपप्रधानमन्त्रीहरु | सदस्य |
| ७ | माननीय मन्त्रीहरु | सदस्य |
| ८ | पूर्व उप-राष्ट्रपति, | सदस्य |
| ९ | पूर्व प्रधानमन्त्रीहरु | सदस्य |
| १० | पूर्व प्रधानन्यायाधिशहरु | सदस्य |
| ११ | माननीय उपसभामुख, प्रतिनिधिसभा | सदस्य |
| १२ | माननीय उपाध्यक्ष, राष्ट्रियसभा | सदस्य |
| १३ | संविधान सभाका पूर्व अध्यक्ष, प्रतिनिधि सभाका पूर्व सभामुखहरु तथा व्यवस्थापिका संसदका पूर्व सभामुख | सदस्य |
| १४ | माननीय राज्यमन्त्रीहरु | सदस्य |
| १५ | राजनैतिक दलका प्रमुख | सदस्य |
| १६ | उपाध्यक्ष राष्ट्रिय योजना आयोग | सदस्य |

सदस्य

२० प्रतिनिधिसभा तथा राष्ट्रियसभाका माननीय सदस्यहरु — सदस्य
२१ संवैधानिक निकायका सदस्य तथा आयुक्तहरु — सदस्य
२२ नेपाल सरकारका मुख्य सचिव — सदस्य
२३ प्रधान सेनापति — सदस्य
२४ संघीय संसदका महासचिव — सदस्य
२५ सर्वोच्च अदालतका मूख्य रजिष्ट्रार — सदस्य
२६ प्रज्ञा प्रतिष्ठानका कुलपतिहरु — सदस्य
२७ प्रतिष्ठान/विश्वविद्यालयका उपकुलपतिहरु — सदस्य
२८ नेपाल सरकारका सचिव एवं विशिष्ट श्रेणीका अधिकृतहरु — सदस्य
२९ काठमाण्डौं उपत्यका भित्रका जि.स.स, महानगरपालिकाका प्रमुखहरु — सदस्य
३० विभागीय प्रमुखहरु — सदस्य
३१ काठमाण्डौं उपत्यका भित्रका नगरपालिकाका प्रमुखहरु — सदस्य
३२ सामाजिक, व्यवसायिक, पेशागत संघ संस्थाका प्रमुखहरु, गै.स.स.का प्रमुखहरु — सदस्य सचिव
३३ श्री सचिव, गृह मन्त्रालय

## प्रचार प्रसार उप-समिति

संयोजक

१ माननीय मन्त्री, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय — सदस्य
२ श्री सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय — सदस्य
३ श्री प्रमुख, जि.स.स. काठमाडौं — सदस्य
४ श्री प्रमुख, जि.स.स. ललितपुर — सदस्य
५ श्री प्रमुख, जि.स.स. भक्तपुर — सदस्य
६ श्री अध्यक्ष, नेपाल पत्रकार महासंघ — सदस्य
७ श्री अध्यक्ष, प्रेस काउन्सील नेपाल — सदस्य
८ श्री अध्यक्ष, गोरखापत्र संस्थान — सदस्य
९ श्री कार्यकारी निर्देशक, रेडियो नेपाल — सदस्य
१० श्री महानिर्देशक, मुद्रण विभाग — सदस्य
११ श्री महाप्रवन्धक, राष्ट्रिय समाचार समिति — सदस्य
१२ श्री अध्यक्ष, नेपाल टेलिभिजन — सदस्य
१३ श्री अध्यक्ष, नेपाल दूरसञ्चार प्राधिकरण — सदस्य
१४ श्री अध्यक्ष, चलचित्र विकास बोर्ड — सदस्य
१५ श्री प्रबन्ध निर्देशक, नेपाल टेलिकम — सदस्य
१६ श्री अध्यक्ष, नेपाल मिडिया सोसाइटी — सदस्य
१७ श्री अध्यक्ष, काठमाडौं उपत्यका एफ.एम.प्रसारक मञ्च — सदस्य
१८ श्री अध्यक्ष, ब्रोडकाष्टिङ्ग एशोसिएसन अफ नेपाल — सदस्य
१९ श्री अध्यक्ष, सामुदायिक रेडियो प्रसारक संघ — सदस्य
२० श्री अध्यक्ष, नेपाल छापामाध्यम राष्ट्रिय सञ्जाल — सदस्य
२१ श्री अध्यक्ष, नेपाल विज्ञापन संघ — सदस्य सचिव
२२ श्री महानिर्देशक, सूचना विभाग

## मञ्च सजावट तथा मञ्च व्यवस्था उप-समिति

संयोजक

१ श्री प्रमुख, काठमाडौं महानगरपालिका — सदस्य
२ श्री प्रमुख प्रशासकीय अधिकृत, काठमाडौं महानगरपालिका — सदस्य

| | | |
|---|---|---|
| ६ | श्री सुपरिटेण्डेण्ट इन्जिनियर,भवन निर्माण तथा सम्भार डिभिजन कार्यालय | सदस्य |
| ७ | श्री प्रमुख सेनानी, कार्यरथी विभाग (निवेश) जंगी अड्डा | सदस्य |
| ८ | श्री उप-सचिव, गृह मन्त्रालय, कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा | सदस्य |
| ९ | श्री अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासघ | सदस्य |
| १० | श्री प्रमुख, प्रशासन तथा संगठन विकास विभाग, काठमाडौं महानगरपालिका | सदस्य सचिव |

## ग्राउण्ड, कवाज, व्यायाम तथा झाँकी व्यवस्थापन समन्वय उप-समिति

| | | |
|---|---|---|
| १ | श्री प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, काठमाडौं | संयोजक |
| २ | श्री अधिकृत प्रतिनिधि (रा.प.प्रथम श्रेणी), काठमाडौं महानगरपालिका | सदस्य |
| ३ | श्री प्रमुख प्रशासकीय अधिकृत ललितपुर महानगरपालिका | सदस्य |
| ४ | श्री प्रमुख सेनानी, कार्यरथी विभाग (वे.वृ.),जङ्गी अड्डा | सदस्य |
| ५ | श्री संयोजक, राष्ट्रिय तदर्थ समिति, नेपाल स्काउट, प्रधान कार्यालय | सदस्य |
| ६ | श्री प्रमुख, प्रतियोगिता तथा योजना विभाग, राष्ट्रिय खेलकुद परिषद् | सदस्य |
| ७ | श्री सशस्त्र वरिष्ठ प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय | सदस्य |
| ८ | श्री जिल्ला समन्वयकर्ता, जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौं | सदस्य |
| ९ | श्री जिल्ला समन्वयकर्ता, जिल्ला समन्वय समितिको कार्यालय, ललितपुर | सदस्य |
| १० | श्री जिल्ला समन्वयकर्ता, जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुर | सदस्य |
| ११ | श्री प्रमुख प्रशासकीय अधिकृत, भक्तपुर नगरपालिका | सदस्य |
| १२ | श्री प्रमुख प्रशासकीय अधिकृत, मध्यपुर थिमी नगरपालिका | सदस्य |
| १३ | श्री प्रमुख प्रशासकीय अधिकृत, कीर्तिपुर नगरपालिका | सदस्य |
| १४ | श्री शाखा अधिकृत, गृह मन्त्रालय, कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा | सदस्य |
| १५ | श्री प्रहरी वरिष्ठ उपरीक्षक, महानगरीय प्रहरी आयुक्तको कार्यालय | सदस्य सचिव |

## संविधान दिवस समारोह, २०७५ को उपलक्ष्यमा आयोजना हुने नेपाली सैनिक मञ्चको कार्यक्रम

मिति :२०७५ ६ ३

कार्यक्रम सुरु हुने समय : बिहान ८:३० बजे
मूल कार्यक्रमको अनुमानित समयावधि : ६५ मिनेट

(१) आमन्त्रित महानुभावहरुको आगमन **(७:३० बजेदेखि)**

(२) राष्ट्रियसभाका सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाज्यूको आगमन **(८:०० बजे)**

(३) प्रतिनिधिसभाका सम्माननीय सभामुख कृष्ण बहादुर महराज्यूको आगमन **(८:०५ बजे)**

(४) सम्माननीय का.मु. प्रधान न्यायाधीश ओमप्रकाश मिश्रज्यूको आगमन **(८:१० बजे)**

(५) संविधान दिवस मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्री के.पी.शर्मा ओलीज्यूको आगमन **(८:१५ बजे)**

(६) विशिष्ट अतिथि, सम्माननीय उपराष्ट्रपति नन्दबहादुर पुनज्यूको आगमन **(८:२० बजे)**

***मूल समारोह सम्बन्धी कार्यक्रम***

(१) प्रमुख अतिथि सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूको आगमन र सलामी ग्रहण **(८:२५ बजे)**

(२) राष्ट्रियगान **(४ मिनेट)**

(३) नेपाली सेनाको हेलिकोप्टरहरूबाट **'संविधान दिवस-२०७५'** अंकित व्यानर प्रदर्शन, पुष्पवृष्टि र बेलुन उडाउने **(५ मिनेट)**

(४) ज्ञात अज्ञात शहीदहरू प्रति उच्च सम्मान र श्रद्धाञ्जली अर्पण गर्दै आत्माको चिरशान्तिको लागि १ मिनेट मौन धारण **(१ मिनेट)**

(५) नेपाली सेना,नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल स्काउट र विद्यार्थीहरुद्वारा मार्च पास **(१५ मिनेट)**

(६) विभिन्न जातजातिको भेष-भुषा र संस्कृति झल्कने साँस्कृतिक झलक प्रदर्शन **(१० मिनेट)**

(७) काठमाडौं महानगरपालिका तथा उपत्यकाका अन्य नगरपालिकाहरुबाट झाँकी प्रदर्शन **(१० मिनेट)**

(८) राष्ट्रिय भावनाका गीतहरुको प्रत्यक्ष प्रस्तुती **(५ मिनेट)**

(९) नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल द्वारा रोचक कार्यक्रम प्रस्तुति **(१५ मिनेट)**

(१०) संविधान दिवस मूल समारोह समितिका अध्यक्ष एवं सम्माननीय प्रधानमन्त्रीज्यूबाट सम्बोधन र समारोह विसर्जन

- *रेडियो नेपाल, नेपाल टेलिभिजन तथा अन्य श्रव्य दृष्य संस्थाबाट कार्यक्रमको प्रत्यक्ष प्रसारण ।*

## संविधान दिवस, २०७५ मनाउने सन्दर्भमा
## गृह मन्त्रालय एवं विभिन्न निकायहरुबाट सम्पादन गर्नुपर्ने कामको विवरण :

१. गृह मन्त्रालयबाट हुनुपर्ने :-
(क) विभिन्न निकायबाट सम्पादित कार्यहरुको रेखदेख तथा समन्वय गरी मन्त्रिपरिषद्मा प्रतिवेदन पेश गर्ने ।
(ख) चालक र इन्धन सहित दुईवटा गाडी १ घण्टा अगाडि नै समारोह स्थल नेपाली सैनिक मञ्चमा तयारी हालत (स्टैण्डवाई) मा राख्ने ।
(ग) नेपाली सैनिक मञ्चको कार्यक्रमको लागि माग भएमा साविक वमोजिमको फर्निचर आदि मञ्च सजावट एवं मञ्च व्यवस्था उपसमितिका संयोजकले खटाएको मानिसलाई कार्य समाप्त भएपछि फिर्ता गर्ने गरी जिम्मा दिने ।
(घ) असोज २, ३ र ४ गते मनाइने संविधान दिवस मनाउने कार्यक्रमको वारेमा सम्वन्धित सवै निकायमा परिपत्र गर्ने ।

२. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट हुनुपर्ने :-
(क) प्रचार प्रसार उप समितिको संयोजन गर्ने र सो उपसमितिलाई तोकिए बमोजिमको काम जिम्मेवारी पूर्वक गर्ने व्यवस्था मिलाउने ।
(ख) संविधान दिवस भव्यताका साथ मनाउन सञ्चार माध्यमहरुबाट सार्वजनिक अपिल गर्ने व्यवस्था मिलाउने ।
(ग) गोरखापत्र संस्थान लगायत अन्य प्रकाशनगृहहरुबाट प्रकाशित राष्ट्रिय स्तरका पत्र पत्रिकाहरुमा संविधान विशेषाङ्क/स्मारिकाको रुपमा प्रकाशन गर्नका साथै संविधानको बहुपक्षीय आयामलाई उजागर गर्ने विभिन्न लेख रचनाहरुको संगालो प्रकाशन गर्ने व्यवस्था मिलाउने ।

३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट हुनुपर्ने :-
(क) उपत्यका बाहिरका जिल्लाका सदरमुकामहरूमा जिल्ला समन्वय समितिका प्रमुखको अध्यक्षतामा संविधान दिवस जिल्ला समारोह समिति गठन गर्ने व्यवस्था मिलाउने ।
(ख) संविधान दिवस जिल्ला समारोह समितिले प्रभातफेरी, खेलकुद, प्रवचन गोष्ठी, परिसम्वाद/सम्वार्ता, सांस्कृतिक कार्यक्रमजस्ता विविध कार्यक्रमका साथ असोज २, ३ र ४ गते भव्य रूपमा मनाउने र साँझ दीपावली गर्ने ।
(ग) जिल्ला भित्रका विभिन्न महानगरपालिका, नगरपालिका तथा गाउँपालिकाहरूमा सम्बन्धित स्थानीय तहको अग्रसरतामा स्थानीय सामाजिक एवं राजनीतिक संघ संस्था, सञ्चार माध्यमहरूका साथै समाजका सबै वर्ग, व्यवसाय र क्षेत्रका महानुभावहरू र जनस्तरसम्म पुग्ने गरी नयाँ पिँढीका युवाहरुसमेतको सहभागितामा वडा स्तरसम्म प्रभातफेरी, प्रवचन, साहित्य गोष्ठी, परिसम्वाद/सम्वार्ता, खेलकुदजस्ता विविध कार्यक्रमहरु र विद्यालय स्तरमा वतृत्वकला प्रतियोगिता सञ्चालन गरी विद्यालय, महाविद्यालय, विश्व विद्यालय तहसम्म असोज २, ३ र ४ गते संविधान् दिवस भव्य रूपमा मनाउने र साँझ दीपावली गर्ने व्यवस्था मिलाउने ।

४. परराष्ट्र मन्त्रालयबाट हुनुपर्ने :-
(क) विदेशस्थित नेपाली दूतावास, नियोग तथा वाणिज्यदूतावासहरूमा संविधान दिवसलाई विविध कार्यक्रमसहित असोज २, ३ र ४ गते तीन दिनसम्म भव्य रूपमा मनाउने र साँझ दीपावली गर्ने व्यवस्था मिलाउने ।
(ख) नेपालस्थित विदेशी नियोगका प्रमुख तथा पदाधिकारीहरुलाई निमन्त्रणा पत्र वितरण गर्नका साथै मूल समारोहको कार्यक्रमका दिन असोज ३ गते नेपाली सैनिक मञ्च टुँडिखेलमा विदेशी नियोगका प्रमुख तथा पदाधिकारीहरुलाई स्वागत तथा व्यवस्थापनको लागि २ जना कर्मचारी खटाउने ।

५. नेपाली सेनाबाट हुनुपर्ने :-
(क) नेपाली सैनिक मञ्चमा मञ्च तयारी गर्ने ।
(ख) नेपाली सैनिक मञ्चको कार्यक्रम शुरु भएपछि **"संविधान दिवस-२०७५"** अंकित व्यानरले सुसज्जित नेपाली सेनाको हेलिकोप्टरबाट पुष्पवृष्टि गर्ने, बेलुन उडाउने आदिको व्यवस्था गर्ने ।

(ग) सूर्योदयकासाथ नेपाली सेनाद्वारा बिगुल (रिभ्याली) बजाउने ।
(घ) नेपाली सेनाद्वारा तोप र बन्दुकको बढाई (स्याल्भो र भली फायर) गर्ने ।
(ङ) मञ्चको कार्यक्रममा व्यायाम, कवाज र अन्य रोचक कार्यक्रम प्रस्तुत गर्ने ।
(च) सलामी ।
(छ) नेपाली सैनिक मञ्चको कार्यक्रमको लागि आवश्यक अन्य कार्यहरु गर्ने ।

६. **नेपाल प्रहरीबाट हुनुपर्ने :-**
(क) नेपाली सैनिक मञ्चमा मञ्च तयार गर्न आवश्यक सहयोग गर्ने ।
(ख) नेपाली सैनिक मञ्चमा हुने कार्यक्रममा शान्ति सुरक्षाको व्यवस्था गर्ने ।
(ग) कार्यक्रम संचालन गर्न मैदानको व्यवस्थापन गर्ने ।
(घ) मञ्चको कार्यक्रममा व्यायाम, कवाज र अन्य रोचक कार्यक्रम प्रस्तुत गर्ने ।
(ङ) अन्य आवश्यक भै परी आउने कार्य गर्ने ।

७. **सशस्त्र प्रहरी बलबाट हुनुपर्ने :-**
(क) नेपाली सैनिक मञ्चमा मञ्च तयार गर्न सहयोग गर्ने ।
(ख) नेपाली सैनिक मञ्चमा हुने कार्यक्रममा शान्ति सुरक्षाको व्यवस्था गर्ने ।
(ग) मञ्चको कार्यक्रममा व्यायाम, कवाज र अन्य रोचक कार्यक्रम प्रस्तुत गर्ने ।
(घ) अन्य आवश्यक भै परी आउने कार्य गर्ने ।

८. **मुद्रण विभागबाट हुनुपर्ने :-**
(क) निमन्त्रणा कार्ड तथा सम्माननीय प्रधानमन्त्रीज्यूको सम्बोधनको नेपाली अंग्रेजी भाषण छपाई गरी समयमै गृह मन्त्रालयमा बुझाउने ।

९. **जिल्ला शिक्षा समन्वय समिति काठमाडौं, ललितपुर र भक्तपुरबाट हुनुपर्ने :-**
उपत्यकाभित्रका सामुदायिक तथा निजी विद्यालयका कक्षा १२ देखि माथिका विद्यार्थी एवं शिक्षक शिक्षिकाहरुलाई नेपाली सैनिक मञ्चमा उल्लेख्य रुपमा उपस्थित गराउने व्यवस्था गर्ने ।

१०. **भवन निर्माण सम्भार डिभिजन कार्यालयबाट हुनुपर्ने :-**
(क) समारोह स्थलमा रंगरोगन गर्ने, नेपाली सैनिक मञ्चमा ऊर्जा मन्त्रालयसंग समन्वय राखी जनशक्ति सहितको विद्युत जेनेरेटर समेतको व्यवस्था गरी विद्युत आपूर्तिको व्यवस्था मिलाउने । मञ्चमा अति विशिष्ट महानुभावहरुका लागि आवश्यक भएमा विजुली पंखाको व्यवस्था समेत गर्ने ।
(ख) २०७५ साल असोज २, ३ र ४ गते साँझ सिंहदरवारस्थित सम्पूर्ण सरकारी कार्यालयहरूमा दीपावली गर्ने व्यवस्था मिलाउने ।
(ग) समारोहस्थल अगाडि मार्चपास र झाँकीहरूलाई पंक्तिवद्ध गराउन सजिलो हुने गरी रोड मार्किङ्ग र पेन्टिङ्गको व्यवस्था गर्ने ।

११. **काठमाडौं महानगरपालिकाबाट हुनुपर्ने :-**
(क) मञ्च सजावट तथा मञ्च व्यवस्था उप-समितिको संयोजन गर्ने र सो उप-समितिलाई तोकिए बमोजिमको काम जिम्मेवारी पूर्वक गर्ने व्यवस्था मिलाउने ।
(ख) समारोह स्थल वरिपरि र सो ठाउँ जाने बाटाहरूमा राष्ट्रिय झण्डा एवं व्यानर सजाई नगरको श्रृङ्गार र सरसफाईका साथै मूल समारोह समितिबाट तयार गरिएका पोष्टरहरू नेपाली सैनिक मञ्च लगायत नगरका विभिन्न स्थानमा टाँस्ने व्यवस्था गर्ने ।
(ग) नेपाली सैनिक मञ्चमा मञ्च तयार गर्न आवश्यक कार्य गर्ने ।
(घ) नेपाली सैनिक मञ्चमा माइकहरूको व्यवस्था गर्ने ।
(ङ) नेपाली सैनिक मञ्चमा चाहिने गमला तथा पुष्प गुच्छा उपलव्ध गराउने ।
(च) नेपाली सेनाले उपलव्ध गराउने भन्दा बाहेकका मेचहरु उपलव्ध गराउने ।
(छ) नेपाली सैनिक मञ्चमा हुने कार्यक्रमको लागि धुलो नउड्ने व्यवस्था मिलाउने । कार्यक्रमस्थलमा शुद्ध पिउने पानीको व्यवस्था गर्ने । मञ्च सजावट तथा मञ्च व्यवस्था उप-समिति एवं सम्बन्धित निकायसँग समन्वय गरी कार्य गर्ने ।

(ज) चालु हालतको एक वटा दमकल कार्यक्रम संचालन अवधिभर नेपाली सैनिक मञ्चमा तयारी अवस्थामा राख्ने ।

(झ) जनचेतनामूलक एवं विकासका गतिविधि झल्कने झाँकी तथा विभिन्न जातजातिको भेष-भूषा र संस्कृति झल्कने सांस्कृतिक झलक प्रदर्शन गर्ने र सो सम्वन्धमा उपत्यका भित्रका जि.स.स., म.न.पा. र न.पा. हरूसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने ।

(ञ) आ-आफ्नो क्षेत्रका नगरवासीहरुलाई संविधान दिवसमा सहभागी हुन माइकिङ्ग गरी अनुरोध गर्ने ।

१२. **जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट हुनुपर्ने :-**

(क) ग्राउण्ड, कवाज, व्यायाम तथा झाँकी व्यवस्थापन समन्वय उप-समितिको संयोजन गर्ने र सो उप-समितिलाई तोकिए बमोजिमको काम जिम्मेवारी पूर्वक गर्ने व्यवस्था मिलाउने ।

(ख) शान्ति सुरक्षाको व्यवस्था गर्ने ।

(ग) नेपाली सैनिक मञ्च र मैदानको तयारी गर्ने गराउने ।

(घ) अन्य आवश्यक कार्यहरु गर्ने ।

१३. **जि.स.स.काठमाडौं, ललितपुर र भक्तपुरबाट हुनुपर्ने :-**

(क) काठमाडौं उपत्यकाको परम्परागत साँस्कृतिक झलक प्रदर्शन गर्ने ।

(ख) जनचेतामूलक एवं विकासका गतिविधि झल्कने झाँकी प्रदर्शन गर्ने ।

(ग) संविधान दिवससँग सम्वन्धित नारा अंकित व्यानर र प्लेकार्ड आवश्यक संख्यामा तयार गरी ल्याउने ।

१४. **ललितपुर महानगरपालिका, भक्तपुर, मध्यपुर थिमी र कीर्तिपुर नगरपालिकाबाट हुनुपर्ने :**

(क) संविधान दिवसको प्रचार गर्ने व्यानर बनाई नगरका विभिन्न स्थानमा प्रदर्शन गर्ने ।

(ख) उपत्यकाको परम्परागत साँस्कृतिक झलक प्रदर्शन गर्ने ।

(ग) जनचेतनामूलक एवं विकासका गतिविधि झल्कने झाँकी प्रदर्शन गर्ने ।

(घ) आ-आफ्नो क्षेत्रका नगरवासीहरुलाई संविधान दिवसमा सहभागी हुन माइकिंग गरी अनुरोध गर्ने ।

१५. **नेपाल रेडक्रस सोसाइटी र वीर अस्पतालबाट हुनुपर्ने :-**

२०७५ साल असोज ३ गते नेपाली सैनिक मञ्चमा हुने कार्यक्रम शुरु हुनु १ घण्टा अगावै चिकित्सक सहितको २ वटा एम्बुलेन्स तयारी हालत (स्टैण्डवाई) मा राख्ने ।

१६. **महानगरीय ट्राफिक महाशाखाबाट हुनुपर्ने :-**

नेपाली सैनिक मञ्चमा हुने कार्यक्रममा मर्यादाक्रमानुसार ट्राफिक एवं गाडी पार्किङ्गको व्यवस्था गर्ने ।

१७. **नेपाल टेलिभिजन लगायत अन्य इच्छुक संचार माध्यमहरुबाट हुनुपर्ने :-**

(क) प्रचार प्रसारको आवश्यक व्यवस्था गर्ने ।

(ख) नेपाली सैनिक मञ्चको कार्यक्रमको प्रत्यक्ष प्रसारण गर्ने व्यवस्था मिलाउने ।

(ग) संविधान दिवस सम्वन्धी सान्दर्भिक कार्यक्रमहरू प्रसारण गर्ने ।

(घ) सान्दर्भिक स्वदेशगान प्रसारण गर्ने ।

(ङ) समाचार वुलेटिन तथा समाचार मूलक कार्यक्रममा उपयुक्त सामग्री तथा अन्तर्वार्ता प्रसारण गर्ने ।

(च) संविधान दिवस सम्वन्धी परिसम्वाद कार्यक्रमको आयोजना गर्ने ।

१८. **गोरखापत्र संस्थानबाट हुनुपर्ने :-**

(क) संविधान दिवस, २०७५ असोज २, ३ र ४ गते नेपालभर भव्यताका साथ मनाउन विशेष सूचना प्रकाशन गर्ने ।

(ख) संविधानको बहुआयामिक महत्वमाथि प्रकाश पारिएका लेख रचनाहरूको विशेषाङ्क प्रकाशन गर्ने ।

१९. <u>रेडियो नेपालबाट हुनुपर्ने :-</u>

(क) प्रचार प्रसारको आवश्यक व्यवस्था र समन्वय गर्ने ।

(ख) नेपाली सैनिक मञ्चको कार्यक्रममा राष्ट्रिय गान प्रस्तुत गर्नुका साथै प्रत्यक्ष प्रसारणको व्यवस्था मिलाउने ।

(ग) नेपाली सैनिक मञ्चको कार्यक्रममा उद्घोषणको व्यवस्था गर्ने ।

(घ) संविधान दिवस सम्वन्धी परिसम्वाद कार्यक्रमको आयोजना गर्ने ।

(ङ) विविध कार्यक्रमहरू आयोजना गर्ने ।

२०. <u>गुठी संस्थान र अन्य सम्वन्धित संस्थाबाट हुनुपर्ने :-</u>

(क) काठमाडौं उपत्यकाभित्रका देवदेवीका मठ मन्दिर, चर्च, मस्जिद, बुद्ध विहार, गुरुद्वारा लगायतका विभिन्न धार्मिक संघ संस्थामा पूजापाठ तथा प्रार्थना गर्ने कार्यक्रमको व्यवस्थापन गर्ने ।

२१. <u>नेपाल स्काउटबाट हुनुपर्ने :-</u>

(क) कवाज प्रदर्शन गर्नुका अतिरिक्त नेपाली सैनिकमञ्चमा हुने कार्यक्रममा सहभागी हुन आउने महानुभावहरूलाई पंक्तिवद्ध गराउने ।

(ख) जुलुसलाई पंक्तिवद्ध गराई व्यवस्थित रुपमा परिक्रमा गराउने ।

२२. <u>समरजंग कम्पनी कार्यालयबाट हुनुपर्ने :-</u>

(क) राष्ट्रिय झण्डा टाँग्ने ।

(ख) नेपाली सैनिकमञ्चमा सम्माननीय प्रधानमन्त्रीज्यूको भाषण वितरण गर्ने ।

२३. <u>काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट हुनुपर्ने :-</u>

(क) नेपाली सैनिकमञ्चमा स्वच्छ खानेपानीको व्यवस्था गर्ने ।

२४. <u>विकाससँग सम्वन्धित मन्त्रालयहरूबाट हुनुपर्ने :-</u>

आफ्नो मन्त्रालय र अन्तर्गतका विभाग, संस्थान र समितिबाट जनचेतनामूलक एवं विकास गतिविधि झल्कने झाँकी तयार गरी प्रदर्शन गर्ने व्यवस्था मिलाउने ।

२५. <u>निजामती कर्मचारी ट्रेड युनियनहरु, राष्ट्रिय सहकारी संघ,प्याब्सन, एन.प्याब्सन, शिक्षक युनियन, नेपाल उद्योग वाणिज्य महासंघ, राष्ट्रिय अपांग महासंघ र अन्य पेशागत महासंघबाट हुनुपर्ने :-</u>

आ-आफ्नो निकायबाट सक्रिय सहभागिताका लागि व्यवस्था मिलाउने

२६. <u>विद्युतीय सञ्चार माध्यम एवं छापागृहबाट हुनुपर्ने :-</u>

संविधान दिवस भव्यताकासाथ मनाउने सन्दर्भमा व्यापक प्रचार प्रसार एवं सक्रिय सहभागिताका लागि व्यवस्था मिलाउने

२७. <u>विविध :-</u>

नेपाल सरकारका सबै मन्त्रालय, संवैधानिक निकाय, विभाग र सार्वजनिक संस्थानहरू लगायतका सम्पूर्ण सार्वजनिक निकायहरूले २०७५ असोज ३ गते नेपाली सैनिक मञ्च टुँडिखेलमा आ-आफ्ना निकायका राष्ट्रसेवक कर्मचारीहरूलाई अनिवार्य रूपमा उपस्थित गराई जुलुसमा सहभागी गराउने ।

२८. <u>राष्ट्रिय अनुसन्धान विभाग :-</u>

(क) आवश्यक सुचना संकलनको व्यवस्था मिलाउने ।

॥५॥

## जनचेतनामूलक एवं विकास गतिविधि झल्कने झाँकीहरू बनाउने निकायहरू

१. कृषि तथा पशुपंक्षी विकास मन्त्रालय र अन्तर्गतका विभाग, संस्थानहरू
२. बन तथा वातावरण मन्त्रालय र अन्तर्गतका विभाग, संस्थानहरू
३. उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय र अन्तर्गतका विभाग, संस्थानहरू
४. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका विभाग
५. यूवा तथा खेलकुद मन्त्रालय र अन्तर्गतका विभाग, संस्थानहरू
६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र संस्थानहरू
७. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अन्तर्गतका विभाग र संस्थानहरू
८. ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय र अन्तर्गतका विभाग र संस्थानहरू
९. संचार तथा सूचना प्रविधि मन्त्रालय र अन्तर्गतका विभाग र संस्थानहरू
१०. महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र अन्तर्गतका विभाग र संस्थानहरू
११. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्तर्गतका विभाग र संस्थानहरू
१२. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र अन्तर्गतका निकायहरू
१३. सहरी विकास मन्त्रालय र अन्तर्गतका विभाग र संस्थानहरू
१४. काठमाडौं महानगरपालिका
१५. ललितपुर महानगरपालिका
१६. भक्तपुर, मध्यपुर थिमी, कीर्तिपुर नगरपालिका
१७. जिल्ला समन्वय समिति, काठमाडौं, भक्तपुर र ललितपुर